## अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

त्रिवेणी नगरपालिका

स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्ड २०७४ | संख्या ०१ | मितिः २०७४./११/३० |

**भाग-१**

**त्रिवेणी नगरपालिका**

**□त्रिवेणी नगरपालिकाको विनियोजन ऐन, २०७४**

आज्ञाले,

खगेन्द्र साउद

नि.प्रमुख प्रशासकीय अधिकृत

# स्थानीय राजपत्र

## त्रिवेणी नगरपालिकाद्धारा प्रकाशित

७ नं. प्रदेश, तोली,बाजुरा फाल्गुण ३० गते बुधबार,२०७४ साल संख्याः १

भाग – १

## त्रिवेणी नगरपालिकाको आर्थिक बर्ष २०७४□२०७५ को स्थानीय सञ्चितकोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्ने बनेको ऐन

## <u>प्रस्तावना</u>

त्रिवेणी नगरपालिकाको आर्थिक बर्ष २०७४□२०७५ को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केहि रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) ले दिएको अधिकार प्रयोग गरी,

स्थानीय त्रिवेणी नगरसभाले यो ऐन स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने, सम्बन्धमा व्यवस्था गर्ने सम्बन्धी यो ऐन बनाई लागु गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस ऐनको नाम **□त्रिवेणी नगरपालिकाको विनियोजन ऐन, २०७४□** रहेकोछ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u> : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) □ऐन□ भन्नाले त्रिवेणी नगरपालिकाको विनियोजन ऐन, २०७४ सम्झनुपर्छ ।

(ख) □कार्यपालिका□ भन्नाले त्रिवेणी नगरकार्यपालिका सम्झनुपर्छ ।

(ग □नगरपालिका□ भन्नाले त्रिवेणी नगरपालिकासम्झनु पर्छ ।

(घ) □सभा□ भन्नाले त्रिवेणी नगरपालिकाको सभा सम्झनुपर्छ ।

(ङ) □संविधान□ भन्नाले नेपालको संविधान सम्झनुपर्छ ।

**३. आर्थिक बर्ष २०७४□०७५ को लागि स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्न सक्ने:** (१)आर्थिक वर्ष २०७४□०७५ को निमित्त कार्यपालिका, बडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका लागि अनुसूचि (१) मा उल्लिखित चालु खर्च, पुंजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रू २४,५०,७८,६७७ (अक्षेरूपी चौबिस करोड पचास लाख अठत्तर हजार छसय सत्तहत्तर रूपैयामात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम स्थानीय सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

४. **विनियोजन** : (१) यस ऐनद्वारा स्थानीय सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम अर्थिक वर्ष २०७४□०७५ को निमत्त ..................... त्रिवेणी नगरपालिको कार्यपालिका, बडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, बडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकममध्य कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरूबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ ।

(४) पुंजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यचालु खर्च शीर्षकतर्फ सार्न र बित्तिय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पुंजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ

(५) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको दश प्रतिशभन्दा बढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरूमा रकम सार्न परेमा सभाको स्वीकृति लिनु पर्नेछ ।

## अनुसुची –१

## दफा २ संग सम्बन्धित

**नेपालको संबिधानको धारा २२९ (२) बमोजीम संञ्चित कोषबाट बिनियोजन हुने रकम**

| क्र.स | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च | पुजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | नगर कार्यपालिका | ४०२०० | ९३९१९३७७ | | १३४११९.३७७ |
| २ | | बडा समिति | १८०० | २८५६३.७०७ | | ३००६०.७०७ |
| ३ | | विषयगत शाखा | ७४८५९.३ | | | ७४८५९.३ |
| ४ | | त्रृण सावा व्याज भुक्तानि | | | | |
| ५ | | लगानी सेयत्रृण | | | | २३९३३४२.३८४ |

आज्ञाले,

खगेन्द्र साउद

नि.प्रमुख प्रशासकीय अधिकृत